मुख्य सचिव

काठमाडौं, नेपाल



# शुभकामना सन्देश

**स्वच्छ र सक्षम निजामती प्रशासन समृद्धि र सुशासन** भन्ने मूल नाराका साथ आज हामी १७औँ निजामती सेवा दिवस मनाउँदैछौँ । यस शुभ अवसरमा सम्पूर्ण निजामती कर्मचारीहरूलाई बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

सरकारका नीति तथा कार्यक्रमको कार्यान्वयन, सार्वजनिक सेवा प्रवाह र विकास निर्माण कार्यहरूको व्यवस्थापन गर्नु हामी राष्ट्रसेवकहरूको प्रमुख दायित्व हो । निजामती कर्मचारीहरूले नागरिक समक्ष सेवा प्रवाह गर्ने क्रममा देखाउने सक्रियता, तत्परता, निष्पक्षता र व्यावसायिकताका आधारमा नागरिकले सरकारको उपस्थिति र प्रभावकारिता अनुभव गर्दछन् । निजामती सेवामा संलग्न कर्मचारीको सेवाप्रवाहको प्रभावकारिता नै नागरिक सामु देखिने सरकारको प्रतिबिम्ब हो । यसका लागि निजामती सेवामा आबद्ध हामी सबै राष्ट्र सेवकले जिम्मेवार तथा उत्तरदायी भएर पेशागत मर्यादा कायम राखी कर्तव्य पालनामा व्यावसायिक निष्ठा र निष्पक्षताका साथ डटेर लागि रहेका छौँ । यसमा थप मिहिनेत गर्दै जानुछ ।

मुलुक कठिन परिस्थितिमा रहेको अवस्थामा सेवा प्रवाह, विपद् व्यवस्थापन र राष्ट्रिय विकासका गतिविधिहरूलाई निरन्तरता प्रदान गर्ने लगायत राष्ट्रिय जीवनका सबै क्षेत्रमा निजामती प्रशासनले निर्वाह गर्दै आएको भूमिका प्रशंसनीय छ । बदलिँदो परिवेश अनुसार प्रशासनलाई बढी पारदर्शी नतिजामूलक हुने गरी रूपान्तरण भइरहेको छ । आफूले विगतमा गरेका कामको मूल्याङ्कन एवं आत्मसमीक्षा र भविष्यमा सम्पादन गर्नुपर्ने कामप्रति हामीले यस घडीमा अझ बढी जिम्मेवार रहने प्रण गरेमा राष्ट्रिय आकाङ्क्षा तथा लक्ष्य हासिल गर्न महत्त्वपूर्ण योगदान पुग्नेछ ।

अन्तमा नेपाल सरकारको **समृद्ध नेपाल : सुखी नेपाली**को अभियानमा प्रतिबद्धताका साथ आर्थिक विकास र समृद्धिको यात्रामा सकारात्मक भई अघि बढ्न सबै राष्ट्रसेवकमा अपिल गर्दै निजामती सेवा दिवस, २०७७ को सफलताका लागि शुभकामना व्यक्त गर्दछु ।

२२ भदौ, २०७७

लोकदर्शन रेग्मी